केपिलासगढी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
बाक्सिला, खोटाङ

## प्राविधिक सहायक करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मितिः २०७७।०४।१५)

प्रस्तुत विषयमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय (प्रधानमन्त्री रोजगार कार्यक्रम) प.सं. २०७७।७८ च.नं. २३ मिति २०७७।०४।१२ को पत्रानुसार यस केपिलासगढी गाउँपालिकामा सञ्चालित रोजगार सेवा केन्द्रको लागि आवश्यक प्राविधिक सहायक पद करारमा पदपूर्तिको लागि निम्न बमोजिम योग्यता पुगेको इच्छुक नेपाली नागरिकले १५ (पन्ध्र) दिनभित्र माग बमोजिमका विवरण र राजश्व तिरेका रसिद सहित यस कार्यालयमा निवेदन दिनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको व्याहोरा अनुरोध छ।

| क्र.सं. | विज्ञापन नं. | पद | तह | संख्या |
|---|---|---|---|---|
| १ | ०१।२०७७-७८ | प्राविधिक सहायक | स्थानीय सेवाको पाँचौ तह सरह | १ (एक) |

१. आवश्यक न्यूनतम योग्यता र अनुभवः

क. सिभिल इञ्जिनियरिङमा प्रविणता प्रमाणपत्र तह वा ओभरसियर वा डिप्लोमा तह उतीर्ण भएको।

ख. अनुभव र सीपः प्राविधिक सहायकमा देहायका अनुभव र सीप आवश्यक पर्नेछ।

- कम्तीमा ३ महिने तालिम लिई आधारभूत कम्प्यूटर सीप भएको।
- पूर्वाधारको निर्माण र मर्मतको लागि आयोजनाको लागत अनुमान, सुपरीवेक्षण र अन्तिम लागत विवरण तयार गर्न सक्ने र विश्लेषण गर्न सक्ने, आयोजनाको लक्ष्य र परिणाम हासिल गर्न टोलीमा काम गरेको अनुभव, पारस्परिक सम्बन्ध सम्बन्धी सीप सहित कम्तीमा ६ महिनाको अनुभव भएको।

ग. उमेरः कम्तीमा १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको।

२. दरखास्त दिने स्थानः केपिलासगढी गाउँ कार्यपालिकाको कार्यालय, बाक्सिला, खोटाङ।

३. दरखास्त दिने अन्तिम मिति २०७७।०४।२९ गते कार्यालय समय भित्र।

४. आवेदन दस्तुर रु. ४००।– कार्यालयमा बुझाइ भौचर लिन सकिने अथवा राष्ट्रिय वाणिज्य बैंक शाखा कार्यालय बाक्सिलामा रहेको केपिलासगढी गाउँपालिकाको खाता नं. २०६००३०१०१०००५ मा रकम जम्मा गरि सक्कलै भौचर संलग्न राख्नु पर्ने।

५. छनौटको किसिमः प्रारम्भिक योग्यताक्रमको सूचि प्रकाशन र लिखित परीक्षा।

६. आवेदन साथ संलग्न आवश्यक कागजातहरुः आवेदक स्वयमले प्रमाणित गरेको देहाय बमोजिम कागजको प्रतिलिपिहरुः

- नेपाली नागरिक्ता प्रमाणपत्रको प्रतिलिपि।
- न्यूनतम योग्यताको लब्धांक प्रमाणपत्रको प्रतिलिपिहरु।
- चारित्रिक प्रमाणपत्रको प्रतिलिपि।
- अनुभव खुल्ने कागजातहरु।
- २ प्रति पासपोर्ट आकारको फोटो।

७. सेवा सुविधाः गाउँपालिकामा प्राविधिक सहायक पदपूर्ति सम्बन्धी प्रक्रियाको दफा (११) (१२) र (१३) बमोजिम हुनेछ।

८. पदले सम्पादित गर्नु पर्ने कार्यविवरणः गाउँपालिकामा प्राविधिक सहायक पदपूर्ति सम्बन्धी प्रक्रियाको दफा (९) बमोजिम हुनेछ।

(नोटः आवेदन दिन आउँदा सक्कल कागजात साथमा लिइ आउनु पर्नेछ साथै आवेदनको ढाँचा र प्राविधिक सहायक पदको कार्यविवरण लगायत अन्य जानकारी www.pmep.gov.np मा तथा केपिलासगढी गाउँ कार्यपालिकाको कार्यालयमा उपलब्ध छ।)

सौ धन राई

नि. प्रमुख प्रशासकीय अधिकृत